संरक्षण र विकासका लागि साझेदारी वन

# साझेदारी वनको दोश्रो राष्ट्रिय कार्यशाला गोष्ठी
# १३-१५ चैत्र, २०७४

# जनकपुर घोषणापत्र

## १. संस्थागत विकास तथा सुशासन

१.१ साविक स्थानीय निकायको सिमाना र संख्यामा हाल आएर परिवर्तन भैसकेको सन्दर्भमा पुर्नसंरचना बमोजिम साझेदारी वन उपभोक्ता समूहको प्रतिनिधित्व एवम् निर्वाचन सम्बन्धमा विद्यमान ऐन तथा निर्देशिकामा स्पष्ट व्यवस्थान भएकोले हाललाई स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न र समितिको पदावधि अर्को व्यवस्थान हुँदा सम्म यथावत संचालन गर्न अपरिहार्य भएकोले सोही बमोजिम व्यवस्था गर्ने ।

१.२ साझेदारी वनउपभोक्ता समूहको गठन तथापुर्नगठन प्रक्रियालाई समय सापेक्ष रुपमा रुपान्तरित गर्न परंपरागत उपभोक्ता, महिला, दलित, जनजाति, आदिवासी तथा अल्पसंख्यकको पहुँच र नियन्त्रणलाई सुनिश्चित गर्ने ।

१.३ साझेदारी वनब्यवस्थापन प्रणालीको संस्थागत विकासलाई अझ बढि शसक्त र प्रभावकारी बनाउन संविधानमा भएको व्यवस्था अनुसार नीति, ऐन, नियमहरु अविलम्व तयारी तथा परिमार्जन गर्ने ।

१.४ वन पैदावारको विक्री वितरण लाई थप पारदर्शी, आवश्यकतामा आधारित र सहज बनाउदै उत्पादित पैदावारलाई प्रशोधन र विविधिकरण गरी गरिव निमुखा र परम्परागत उपभोक्ताले न्यायोचित रुपमा उपयोग गर्न सक्ने व्यवस्था गर्ने । यसकालागि आवश्यक्तानुसार स्थानीय स्तरमा डिपो वा उपयुक्त संयन्त्रको व्यवस्था गर्ने ।

१.५ साझेदारी वनमा नयाँ तथा पुराना वन अतिक्रमणलाई समूह, स्थानीय सरकार र प्रदेश सरकार बीचको समन्वय र सहकार्यबाट पुर्ण रुपमा नियन्त्रण गर्ने ।

१.६ साझेदारी वन व्यवस्थापनमा संलग्न वनकर्मी (Forestworkers) को दक्षता, उत्प्रेरणा एवम् मनोबल अभिवृद्धि, पेशागत स्वास्थ्य, सुरक्षा र विमालाई उच्च प्राथमिकतामा राखी तत्काल कार्यान्वयनमा ल्याउने ।

## २. बैज्ञानिक वन व्यवस्थापन

२.१ सबै साझेदारी वनहरुमा वन सम्बर्धन प्रणालीमा आधारित व्यवस्थापन पद्दति अनिवार्य रुपमा लागु गर्ने ।

२.२ वन व्यवस्थापनका उद्देश्य निर्धारण र व्यवस्थापन योजनातयार गर्दा परम्परागत उपभोक्ताहरुको आवश्यकता तथा बजारको माग समेतलाई ख्याल गरी उद्देश्य र क्रियाकलाप निर्धारण गर्ने ।

२.३ साझेदारी वनको व्यवस्थापन गर्दा काठ दाउरा उत्पादनमा मात्र केन्द्रित नगरी गैरकाष्ठ लगायत विविध पारिस्थितिकीय सेवाहरु समेत प्रवर्द्धन हुने गरी संरक्षण एवं व्यवस्थापन गर्ने । एकिकृत जलाधार व्यवस्थापन अवधारणालाई अंगीकार गरी नदी प्रणालीको आधारमा भू तथा जलाधार संरक्षण गर्ने ।

उपमहानिर्देशक

२.४ साझेदारी वनको व्यवस्थापनमा मौजुदा प्रजातिको बाहुल्यता तथा भू-बनोट एवम् भौगोलिक अवस्था अनुसारको प्राथमिक प्रजाति र सो को कटान चक्र निर्धारण गर्न थप अनुसन्धानका आधारमा प्राथमिक प्रजातिहरु र कटान चक्र अवधि निर्धारण गर्ने ।

२.५ वन व्यवस्थापन योजना तयारी गर्दा वन क्षेत्र बाहेक उपभोक्ता बसोबास गर्ने सम्पुर्ण क्षेत्र समेटिएको साझेदारी भू-परिधीस्तरमा नीजि तथा सार्वजनिक जग्गामा बृहत्तर वन विस्तारलाई प्रबर्धन गर्दै आपूर्ति, रोजगारी, आम्दानी र जीविकोपार्जनमा बढावा दिने गरी एकीकृत योजना तयारी र कार्यान्वयन गर्ने ।

२.६ वन व्यवस्थापन योजनाको स्वीकृतिर कार्यान्वयन प्रक्रियालाई छोटो र सरलिकृत गर्न विद्यमान नीति, नियम र अभ्यासलाई समयानुकुल परिमार्जन गर्ने ।

२.७ दिगो वन व्यवस्थापनबाट सम्भाव्य अतिरिक्त लाभ प्राप्तिको लागि रेडप्लसलाई उपयोग गर्ने रणनीति बमोजिम वनको पुनरुत्पादन अभिबृद्धिको लागियस माध्यमलाई समेत लगानीको श्रोत बनाउने ।

## ३. प्रविधिको उपयोग

३.१ वन व्यवस्थापन (जस्तैः वन सर्भेक्षण तथा मापन, उत्पादन अभिवृद्धि, कटानी, ढुवानी, आगलागी नियन्त्रण एवम् सुरक्षा आदि) माआधुनिक प्रविधिको प्रयोगमा बढावा दिने ।

३.२ काठ सदुपयोग प्रविधी (wood utilization technology) लाई प्रवर्द्धन गरी नरम काठ प्रजाति समेतको प्रयोगमा नीजि क्षेत्र समेतको संलग्नतामा उत्पादन विविधिकरण एवम् गुणस्तर अभिवृद्धि मार्फत उपयोगितालाई प्रवर्धन गरी विदेशबाट भैरहेको काठ आयातलाई प्रतिस्थापन गर्ने ।

## ४. लगानी र लाभाँश बाँडफाड

४.१ साझेदारी भुपरिधिस्तरको कार्ययोजनाको पूर्ण कार्यान्वयनका लागि आवश्यक लागत समूह, स्थानीय, प्रदेश र सघीय सरकारवाट व्यवस्थापन गर्ने ।

४.२ उपभोक्ता समूहको मागको तुलनामा उत्पादनको अवस्था कम रहेको सन्दर्भमा उत्पादित वस्तु, सेवा र मुल्यको अधिकतम फाइदा समुह भित्र हुने गरी समूह र संघीय सरकारहरुमा लाभांशको न्यायोचित वितरणको व्यवस्था मिलाउने ।

४.३ समुदायमा आधारित सबै प्रकारका वन व्यवस्थापन पद्धतिहरु बीच आपसी समन्वय, सहकार्य र समझदारी विकसित गर्ने ।

## ५. विविध

५.१ घोषणापत्र कार्यान्वयनका लागि सरोकारवालाहरु सम्मिलित विज्ञहरु समेत रहेको कार्यदल गठन गरिनेछ ।

५.२ घोषणापत्र कार्यान्वयनको मध्यावधि मूल्याँकन स्वतन्त्र, निश्पक्ष तरिकाले गरिनेछ ।

५.३ साझेदारी वनको अर्को राष्ट्रिय गोष्ठी ३ (तीन) वर्षमा गरिनेछ ।

**१५ चैत्र, २०७४**
**जनकपुरधाम, धनुषा**